# राजपुर साप्ताहिक

वर्ष १ अङ्क २ २०८० कार्तिक ३ शुक्रबार




सम्पादकीय

## बडा दशैंको शुभकामना

नेपाली हिन्दुहरुको महान् चाड दशैं सुरु भइसकेको छ। मीठो मसिनो खाने, राम्रो लाउने र रमाइलो गर्ने चाडको प्रारम्भ घटस्थापनादेखि भए पनि विशेष रूपमा फूलपातिदेखि मनाउने गरिएको छ।

यो चाड धार्मिक हिसाबले मात्र होइन सामाजिक, राजनीतिक र न्यायिक हिसाबले पनि महत्त्वपूर्ण मानिन्छ। दशैंमा कामको खोजीमा, अध्ययन र अन्य विशेष कार्यक्रमका लागि विदेश गएका नेपाली पनि घर फर्किने गरेका छन् । कतिपय फर्किदैछन्।

दशैं आएसँगै सुनसान रहेका दुर्गम गाउँहरुमा पनि चहलपहल बढेको छ। विदेश गएका धेरैजसो युवाहरु नफर्किए पनि केही मात्रामा दशै मनाउन घर आएका छन्।

यतिबेला दशैंको रौनक छाउन थालेको छ। वर्ष दिनपछि आफन्तसँग भेटघाट गर्ने र आफूभन्दा ठूला मान्यजनबाट आर्शीवचन लिने यस चाडका लागि गरिब वर्गले पनि विभिन्न परिकार बनाएर खानका लागि सामग्री जोहो गरेका हुन्छन् ।

यो चाडमा सामूहिक रूपमा खाने र रमाइलो गर्ने चलन छ। २०८० सालको विजया दशमीले देशमा सुख, शान्ति र समृद्धि भित्राओस् । सबै नेपालीको सुस्वास्थ्य, समुन्नति र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना।





प्रकाशक

राजपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

# बिपन्न महिला किसानहरुलाई निशुल्क हिउँदे तरकारीको बीउ बितरण



निशुल्क हिउँदे तरकारीको बीउ बितरण गर्दै पालिका अध्यक्ष र उपाध्यक्ष

❖ **शिव राज खनाल**

दाङको राजपुर गाउँपालिकाले ७० जना कृषकहरुलाई हिउँदे तरकारी बालीको बिउ बितरण गरिएको छ। पालिकाले संचालन गरिएको कृषि तथा पशु बिकासमा आधारित साना किसान तथा युबा उद्यमसिलता साझेदारी परियोजना अन्तर्गत पालिका भित्रका अति विपन्न दलित जनजाति महिला कृषकहरुलाई हिउँदे तरकारी गोभी,चुकन्दर, चम्सुर, केराउ, प्याज, रायो, मुलाको बिउ वितरण गरेको हो ।

अति विपन्न कृषकहरुको आर्थिक आय स्रोतमा बृद्धि होस् भन्ने उद्देश्यका साथ विभिन्न हिउँदे तरकारी बालीको बिउ बितरण गरिएको गाउँपालिकाका अध्यक्ष शरद कुमार बुढाथोकीले बताउनु भयो। बितरण कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष शरद कुमार बुढाथोकीले कृषकहरुले नि:शुल्क रुपमा पाएको तरकारीको बिउबाट धेरै भन्दा धेरै तरकारी उत्पादन गरी आर्थिक लाभ लिन आग्रह गर्नुभयो।

तेस्तै गाउँपालिकाले सिजन अनुसार कृषकहरुलाई विभिन्न बालीका बिउ वितरण गर्दै आएको भए पनि पालिकाले सोचे अनुसारको कृषकहरुले लाभ लिन नसकेको उपाध्यक्ष धनपती देबि यादबले बताउनुभयो । 'प्रविधि युक्त खेती प्रणालीमा जहिले सम्म किसानहरु जान सक्नु हुन्न तव सम्म सरकारले लिएको समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्यमा पुग्न कठिनाई हुन्छ' उहाँले भन्नू भयो।

राजपुर गाउपालिका द्वारा संचालन गरिएको कृषि तथा पशु बिकासमा आधारित साना किसान तथा युबा उद्यमसिलता साझेदारी परियोजना संयोजक गिरिराज भट्टका अनुसार पालिका भित्रका ७० जना कृषकहरु लाई उन्नत जातको बीउ पुर्याउने योजना पूरा भएको र थप कार्यक्रमको तयारीमा रहेको बताउनुभयो ।

# राजपुर गाउँपालिका द्वारा बजार अनुगमन



चाडपर्व नजिकिँदै गएपछि राजपुर गाउँपालिकाले स्थानीय बजार अनुगमनलाई तीव्रता दिएको छ। पालिकाले पालिका भित्रका पसल तथा बजारमा अनुगमन गरी म्याद गुज्रिएका खाद्यवस्तु नष्ट गरेको हो।

गाउँपालिकाले स्थानीय प्रहरी चौकीसँग समन्वय गरेर बजार अनुगमन गरेको थियो। अनुगमनको क्रममा बजारका विभिन्न पसलबाट म्याद गुज्रिएका करिब २० हजार मूल्य बराबरको खाद्य वस्तु नियन्त्रणमा लिई नष्ट गरिएको गाउँपालिका उपाध्यक्ष धनपती देबि यादबले जानकारी दिनुभयो। स्थानीय प्रशासनले म्याद गुज्रेका, सडेगलेका, अखाद्य वस्तु बिक्री गर्दै आएका तथा विना इजाजत व्यवसाय सञ्चालन गरिरहेका माथि कडाइ सुरु गरेको उपाध्यक्ष यादबले बताउनु भयो।
गाउँपालिकाका विभिन्न स्थानका बजारमा छड्के अनुगमनलाई तीव्र पारिएको भनाइ छ। बजारका पसलमा म्याद गुज्रिएको सामान फेला परेको गाउँपालिका प्रमुख प्रसासकिय अधिकृत बिष्णु प्रसाद पाण्डेले बताउनु भयो। उहाँका अनुसार म्याद गुज्रिएका सामानमा खाने तेल, प्याकेजिङ मसला ,दालमोट, भुजिया, चिजबल, चियापत्ति लगायत रहेका छन्। म्याद गुज्रिएको सामान नियन्त्रणमा लिएर नियन्त्रणमा लिएको अखाद्य वस्तु जलाएर नष्ट गरिएको पालिकाको भनाइ छ।

अनुगमनमा राजपुर गाउँपालिका उपाध्यक्ष धनपती देबि यादब, प्रहरी चौकी चड्वाका इन्चार्ज महाबिर चौधरी, पत्रकार, गाउँपालिका कर्मचारी फिल्ड सहायक दुर्गा प्रशाद यादब लगाएतको सहभागिता रहेको थियो। अनुगमनलाई आगामी दिनमा पनि निरन्तरता दिने पालिकाले जनाएको छ।

## राजपुर गाउँपालिका वडा नम्बर ३ खरदरियामा अवस्थित मन्दिरमा दुर्गा पूजा गर्दै स्थानिय भक्तजनहरु



# निरन्तर निस्सा वितरण

❖ **शिव राज खनाल**



राजपुर गाउँपालिकाले पालिका भित्रका वडाहरुमा क्रमशः निस्सा बितरण गरि रहेको छ। बिगत देखि पालिका भित्र बसोबास गरिरहेका भुमिहिन सुकुम्बासी ,भुमिहिन दलित, बिप्पन्न तथा अव्यवस्थित बसोबासिको लगत संकलन गरेको थियो। सोहो आधारमा छनौटमा परेका भुमिहिन सुकुम्बासी ,भुमिहिन दलित, बिप्पन्न तथा अव्यवस्थित बसोबासिहरुलाइ निस्सा बितरण चलेको हो।

यहि क्रममा गाउँपालिले वडा नम्बर २, ३, ४ , ५ र ६ मा निस्सा बितरण गरिसकेको छ । साथै वडा नम्बर १ पुरै र वडा नम्बर ७ को नाका क्षेत्रमा निस्सा बितरणको तयारीमा रहेको पालिकाले बताएको छ ।

गाउँपालिकाको टोलिले आज वडा नम्बर ७ सिक्टा र गोठुवामा भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुका लागि निस्सा बितरण गरेको हो।

निस्सा प्राप्त गरेको प्रमाणपत्रकै आधारमा जग्गा नापजाँच तथा अन्य प्रक्रिया अघि बढ्ने भएकोले यसको संरक्षण गरेर राख्न पालिका अध्यक्ष सरद कुमार बुढाथोकीले अनुरोध गरे । क्रमशः निस्सा बितरण सबै वडामा गरि सक्ने र यसपछी अन्य प्रक्रियाको काम थालेर चाडै राजपुरका सुकुम्बासी तथा भुमिहिनहरुलाई धनीपुर्जा उपलब्ध गराईने उनले बताए । तेस्तै गाउँपालिका उपाध्यक्ष धनपती देबि यादबले पालिका भित्र बसोबास गर्ने कोहि पनि जग्गाधनी पुर्जा बाट बन्चित नहुने गरि पालिकाले काम गरिरहेको बताइन । तेस्तै वडा नम्बर ७ का वडाध्यक्ष पुष्कर वलिले चाडैनै वडाका बाकी क्षेत्रमा निस्सा बितरण गरिने बताए ।

कार्यक्रम राजपुर गाउँपालिका वडा नम्बर ७ का वडा अध्यक्ष पुष्कर वलीको अध्यक्षता, गाउँपालिका अध्यक्ष शरद कुमार बुढाथोकीको प्रमुख आतिथ्यता, र उपाध्यक्ष श्री धनपति देवि यादवको विशिष्ट आतिथ्यता भएको हो। उक्त कार्यक्रममा भुमी ब्यबस्थापन साखा प्रमुख सरद रेग्मी, शाखाका कर्मचारी, वडाका कर्मचारी लगायत स्थानीयबासीहरुको समेत सहभागीतामा रहेको थियो । अन्य स्थानमा निरन्तर रुपमा निस्सा बितरण कार्य चालू रहने गाउँपालिकाले जनाएको छ ।

# विद्यालयमा दिवा खाजाको प्रभावकारिताबारे अनुगमन

❖ **शिव राज खनाल**

राजपुर गाउँपालिकाले पालिका भित्रमा पर्ने सामुदायिक विद्यालयको अनुगमन गरेको छ। अध्यक्ष शरद कुमार बुढाथोकीको नेतृत्वमा गएको टोलीले अनुगमन गरेको हो।

ती विद्यालयहरुमा सर्वाङ्गिण विकास समाज नेपालको दिवा खाजाको व्यवस्था गर्दै आएको छ। सो क्रममा पालिकाको अनुगमन टोलीले दिवा खाजाको गुणस्तर र प्रभावकारिताबारे जानकारी लिएको थियो।

दिवा खाजा कार्यक्रमले विद्यालयमा विद्यार्थीको उपस्थिति संख्यामा वृद्धि भएको पाएको गाउँपालिका अध्यक्ष बुढाथोकीले बताउनु भयो। उहाँले पोसिलो र सफा खाजाको व्यवस्थापन गरेको भन्दै धन्यवाद व्यक्त गर्नुभयो।

अनुगमनमा पालिका अध्यक्ष शरद कुमार बुढाथोकी, उपाध्यक्ष धनपती देबी यादब, प्रमुख प्रशासकीय अधिकृत बिष्णु प्रशाद पाण्डे ,शिक्षा शाखा प्रमुख केशब लम्साल गाउँपालिकाका कर्मचारीहरुको उपस्थिति रहेको थियो।



गजल

## आमा

**नारायण ओली**

मलाई सम्झेर आज त भात लगायौ रे आमा।
कहाँ गयौ ? खान आउ साँझ डगायौ रे आमा।

साह्रै सम्झेकी थियौ रे सुसेली हाल्दै मलाई नै,
रुँदा रुँदै आँखामा आँसु खास बगायौ रे आमा।

मेरो बाटो कुर्दा कुर्दै आत्तिएजस्तो लाग्छ आज,
साँझमा मेरो झल्को मुटुमा बास बसायौ रे आमा।

आमाले घर आउ भनी बार-बार बोलायौ मलाई,
आज छोराको मुख देख्ने आस खसायौ रे आमा।

खट्दै थिएँ अझै प्रदेशी बनी आज फाँसी चढाए,
छोरा भन्दै निर्जीव मुर्दा लास समायौ रे आमा।

मुक्तक

## सिंहदरबार

**निर्मल खड्का निर्जल**

खै कहिले गाउँ गाउँमा सिंहदरबार आउँछ

बिरामी मरिसकेपछि स्टेचर उपहार आउँछ।

आशा नमार्नुहोस् पीडित जनता अझै पनि

फेरि पाँच बर्षपछि नेताबाट नमस्कार आउँछ।

**बाल प्रतिभा स्तम्भका लागि अनुरोध**

भाइबहिनीहरु, तपाईंहरुले चित्र बनाउँदा सेतो कागज (ह्वाइट पेपर) वा ड्इङ पेपरमा बनाउनु होला। धर्सा भएको कापीमा बनाएको तस्बिर छाप्न योग्य हुँदैन।

चित्रको तल सानो अक्षरमा आफ्नो नाम, उमेर, कक्षा र विद्यालयको नाम लेख्न नभुल्नुहोला।

गजल

## मनले जोडेको नाता

**चित्रा बस्नेत**

मनले जोडेको नातामा रहर देखिने रै' छ
बाध्यात्मक त्यो बन्धनमा कहर देखिने रै' छ।

मिलेर दुई मन मुटु बस्ने सुन्दर संसार
झुपडी पनि त आलिसान घर देखिने रै' छ।

तर्दा दु:खका भेलहरु जोडेर हातहरुलाई
जङ्गार पनि त साथी नहर देखिने रै' छ।

पलपल चिन्तित भइदिने उनकै बिषयमा नै
प्रेममय जिन्दगी हर प्रहर देखिने रै' छ।

नमिल्दा दुई मन मुटु यी रेटेर हृदयलाई
अमृत दिदा नि साँच्चै त्यो जहर देखिने रै' छ।

*दाङ*

## काल्पनिक

**प्रदीप खड्का**

जिन्दगीमा कहिलेकाहीँ मर्न मन लाग्छ
आज आफूले आफैलाई हर्न मन लाग्छ।

सुन्दरता यो भित्र कसैको आँखा लाग्यो
गिद्दे यो नजर देखि डर्न मन लाग्छ।

जहाँ छ रङ्गीन संसार मेरो ठूलो चाहना
सुसेलेर त्यो छाँगाबाट झर्न मन लाग्छ।

काँगुनी त्यो छरेर जाल फिंजाएका हुन्छन्
नर्कमा भन्दा स्वर्गमा चर्न मन लाग्छ।

जिन्दगीमा कहिलेकाहीँ मर्न मन लाग्छ
आज आफूले आफैलाई हर्न मन लाग्छ।

*दाङ हाल : पोर्तुगल*

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

**१. प्रदेश सभामा देशकै पहिलो महिला सभामुखमा चयन हुने नेता को हुन् ?**

- **नन्दा गुरुङ (कर्णाली प्रदेश, नेकपा एमालेबाट समानुपातिक)**

— प्रदेश सभाको २०७९ माघ १ मा बसेको बैठकमा सत्तारूढ गठबन्धनकी उम्मेदवार गुरुङले २४ मत प्राप्त गरी कर्णाली प्रदेशको दोस्रो सभामुख र नेपालको इतिहासमै प्रदेश सभामा पहिलो महिला सभामुख बन्न सफल। प्रदेश सभाको पहिलो कार्यकालमा सात वटै प्रदेशमा सभामुख पुरुष चुनिएका थिए।

**२. मधेश प्रदेश सभाको सभामुखमा को निर्वाचित भएका छन् ?**

- **रामचन्द्र मण्डल**

— वि.सं. २०७९ माघ ३ को बैठकमा सहभागी १०३ जना सदस्यमध्ये मण्डल (धनुषा निर्वाचन क्षेत्र १ (१), एमाले) को पक्षमा ७४ र विपक्षमा २९ मत परेको। त्यस्तै प्रदेश सभाको उपसभामुखमा जनमत पार्टीका प्रदेश सभा सदस्य बबिताकुमारी इसर निर्वाचित भएकी। उनले माघ ३ मा बसेको तेस्रो बैठकमा उपस्थित १०१ मध्ये ७२ मत प्राप्त गरेकी।

**३. राजधानीबाट सबैभन्दा नजिक राष्ट्रिय निकुञ्ज भएको देश कुन हो ?**

- **नेपाल**

— सन् १९७२ मा आरक्षका रूपमा स्थापना भई सन् २००० (वि.सं. २०५८) मा निकुञ्जमा परिणत भएको शिवपुरी राष्ट्रिय निकुञ्जको क्षेत्रफल १४४ व.कि.मि. रहेकोमा वि.सं. २०६५ पौष २३ मा नागार्जुन क्षेत्रको १५ व.कि.मि. क्षेत्रफल गाभी यसको क्षेत्रफल १५९ व.कि.मि. कायम भएको ।

— वि.सं. २०२९ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन जारी भएको ।

— नेपालमा सर्वप्रथम स्थापना भएको राष्ट्रिय निकुञ्ज चितवन राष्ट्रिय निकुञ्ज (वि.सं. २०३०) हो।

— विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका दुई राष्ट्रिय निकुञ्ज चितवन राष्ट्रिय निकुञ्ज र सगरमाथा राष्ट्रिय निकुञ्ज हुन्।

— नेपालको सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज शे–फोक्सुन्डो (३५५५ व.कि.मि.) र सबैभन्दा सानो रा.नि. रारा (१०६ व.कि.मि.) रा.नि. हुन्।

— बर्दिया राष्ट्रिय निकुञ्ज सुरुमा कर्णाली वन्यजन्तु आरक्षका रूपमा स्थापना भएको। पछि बर्दिया वन्यजन्तु आरक्ष नामकरण गरियो भने वि.सं. २०४५ मङ्सिर २० मा बर्दिया राष्ट्रिय निकुञ्जका रूपमा घोषणा भएको।

— अमेरिकी संस्था वल्डल्यान्डको सहयोगमा स्थापना भएको राष्ट्रिय निकुञ्ज मकालु वरुण राष्ट्रिय निकुञ्ज हो।

— विश्व राष्ट्रिय निकुञ्ज सम्मेलन प्रत्येक १० वर्षको अन्तरालमा गर्ने गरिन्छ।

**४. सङ्घीय संसद् प्रतिनिधि सभाको उपसभामुखमा चयन हुने नेता को हुन् ?**

- **इन्दिरा राना**

— प्रतिनिधि सभाको उपसभामुखमा सत्ता गठबन्धनका साझा उम्मेदवार राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद इन्दिरा रानामगर निर्वाचित। २०७९ माघ ७ मा बसेको प्रतिनिधि सभाको बैठकमा रानाको पक्षमा १६६ जना सांसदले समर्थन जनाएका थिए भने विपक्षमा ९७ जनाको मत परेको थियो। सामाजिक सेवाबाट राम्रो परिचय बनाएकी रानामगर सक्रिय राजनीतिमा संलग्न भएको तीन महिनामै सङ्घीय संसद् प्रतिनिधि सभाको उपसभामुख बन्न सफल भएकी छिन्।

*गोरखापत्र दैनिकबाट साभार*

# डेंगु के हो ? १० लक्षण र बच्ने उपाय



डेंगु एक प्रकारको ज्वरो हो । यो लामखुट्टेको टोकाइबाट सर्ने संक्रामक रोग हो । डेंगुको भाइरसद्वारा संक्रमित भएको एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्दछ । यो रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रभन्दा शहरी क्षेत्रमा बढी पाइने गर्दछ।

यसले स–साना सफा पानी जमेको स्थानमा फुल पार्ने गर्दछ। खास गरी वर्षाको पानी जम्ने टीनका डब्बाहरू, रंगका खाली डब्बा, थोत्रो टायर, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, फुलदानी, गमला, पानीका ट्यांकी आदिमा यस्ले फुल पार्दछ । सहरी क्षेत्रमा यस्ता वस्तुहरू पर्याप्तमात्रामा हुने भएकाले पनि यो लामखुट्टे सहरमा बढी देखिएको बताए।

डेंगु एडिस एजेप्टाई र एडिस एल्बौपेक्टस नामक लामखुट्टेले टोकेर हुने तीब्र भाइरल संक्रमण हो । यो भाइरस डेंगु १, डेंगु २, डेंगु ३ र डेंगु ४ गरी चार प्रकारका हुन्छन् । एडिज लामखट्टे कालो रंगको हुन्छ, जसमा सेतो थोप्लो पनि देखिन्छ।यो लामखुट्टेले विशेषगरी दिउँसो टोक्ने गर्दछ । औलो उत्पन्न गर्ने लामुखट्टे फोहोर पानीमा पाइने भए पनि डेंगु सार्ने लामखुट्टेले थुप्रै दिनदेखि हलचल नभएको स्वच्छ पानीमा फुल पार्छ ।

डेंगु रोग क्लासिक डेंगु, हेमोरेजिक र साक सिन्ड्रोमगरी तिन प्रकारका छन । क्लासिक डेंगु सामान्य प्रकारको डेंगु हो। यो आफंै निको हुन्छ, मृत्युको सम्भावना कम हुन्छ । तर यदि कुनै व्यक्तिलाई डेंगु हेमोरेजिक ज्वरो वा डेंगु साक सिन्ड्रोम भएको छ भने यसको उचित प्रकारले उपचार नगरे मृत्यु हुन सक्छ ।

स्वास्थ्य संस्थामा यसको लक्षण अनुसार उपचार गरीन्छ । ज्वरो घटाउन सिटामोल खानुपर्छ तथा प्रशस्त झोल पदार्थ खानुपर्छ ।
तर ज्वरो घटाउने भनेर एस्पीरीन तथा आईबुप्रोफेन भने खान हुँदैन । डेंग ज्वरो विरुद्धको खोप तथा खास उपचार समेत नभएको हुंदा लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगको बचावटको मुख्य उपाय हो । डेंगु ज्वरोको शंका लागेमा हुन सक्ने जटिलताबाट बचाउन तत्काल नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राख्नु पर्छ ।

**लक्षण** :-

डेंगु ज्वरोको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु हो । यो ज्वरो ५ देखि ७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरू पनि देखा पर्दछ ।

– असाध्यै टाउको दुख्ने

–आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने

–ढाड, जोर्नी तथा मांसापेशिहरू दुख्ने

–शरीरमा विमिरा आउने

–वाकवाकी लाग्ने

- पेट दुख्ने


- नाक वा गिजाबाट रगत बग्ने

- रक्तश्राव हुने वा शरीरमा रगत जमेको दागहरू देखापर्ने, बेहोश हुने आदि लक्षणहरू पनि देखा पर्न सक्छ ।

–कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक दुई चम्चा मट्टितेल हालिदिने साथै जम्मा भएको पानी सफा गर्ने

–फुलदानिमा रहेको पानी हप्तामा दुई पटक फेर्ने

–यस लामखुट्टेले दिउँसो टोक्ने हुँदा दिउँसो बस्दा बाहुला भएको वा शरिर ढाकिने लुगा लगाउनुपर्छ




**बच्ने उपाय** :-

–डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुका साथै लामखुट्टेको वृद्धि रोक्नु पर्छ ।

–पानी जम्न सक्ने भाँडाहरू जस्तै गमला, फुलदान, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, गाडीका काम नलाग्ने टायरहरू आदिमा पानी जम्न नदिने

–पानीको ट्याङ्किलाई लामखुट्टे प्रवेश गर्न नदिने गरि छोपेर राख्ने

–सम्भव भएसम्म दिउँसो सुत्दा पनि झुल प्रयोग गर्नु पर्छ, साथै साना केटाकेटिलार्य जुनसुकै समयमा पनि झुल भित्र सुताउनु पर्दछ ।

–लमखुट्टेको टोकाइबाट बच्न लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ

–घरका झ्याल ढोकामा जाली लगाउनु उपयुक्त हुन्छ

–घर वरिपरि सफा सुग्घर राख्ने, पानी जम्ने खाल्टा खुल्टी पुर्ने गर्नु पर्छ ।


बडा दशैं २०८० सालको पावन अवसरमा
सम्पूर्ण गाउँपालिकाबासी आमाबुवा दाजुभाइ तथा दिदीबहिनीहरुमा
सुख, शान्ति, समृद्धि तथा दिर्घायूको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शुभ-कामना
विष्णु प्रसाद पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत
धनपति देवी यादव
उपाध्यक्ष
शरद कुमार बुढाथोकी
अध्यक्ष
एवम् समस्त राजपुर गाउँपालिका परिवार
गंगदी, दाङ


शुभकामना
नेपालीहरूको महान चाड
बडा दशैं तथा विजया दशमी २०८
को पावन अवसरमा गाउँपालिकावासी एवं स्वदेश तथा विदेशमा
रहनुहुने सम्पूर्ण नेपालीजनहरूमा सुख शान्ति र समृद्धिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
शरद कुमार बुढाथोकी
अध्यक्ष
राजपुर गाउँपालिका परिवार
गंगदी, दाङ


शुभकामना
नेपालीहरूको महान चाड
बडा दशैं तथा विजया दशमी २०८० सालको
को पावन अवसरमा गाउँपालिकावासी एवं स्वदेश तथा विदेशमा
रहनुहुने सम्पूर्ण नेपालीजनहरूमा सुख शान्ति र समृद्धि
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
धनपति देवी यादव
उपाध्यक्ष
राजपुर गाउँपालिका परिवार
गंगदी, दाङ


शुभकामना
नेपालीहरूको महान चाड
बडा दशैं तथा विजया दशमी २०८० सालको
को पावन अवसरमा गाउँपालिकावासी एवं स्वदेश तथा विदेशमा
रहनुहुने सम्पूर्ण नेपालीजनहरूमा सुख शान्ति र समृद्धिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
विष्णु प्रसाद पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत
राजपुर गाउँपालिका परिवार
गंगदी, दाङ

राजपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ

# जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।

# उपभोक्ता तथा व्यापारी वर्गमा राजपुर गाउँपालिका, दाङको अपिल !

१) कारोबार स्थलमा साइनबोर्ड, मूल्य सूची भए नभएको हेर्ने बानी बसालौं । प्याकिङमा अधिकतम् खुद्रा मूल्य (MRP), उपभोग्य अवधि (Best Before BB) हेरेर मात्र सामान खरिद गरौं ।

२) प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगाना, वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति र उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।

३) उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं ।

४) औषधी तथा औषधिजन्य पदार्थहरको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

५) वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

६) सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने बानी गरौं ।

७) कमसल उपभोग्य वस्तु वा सेवाको प्रयोगबाट कुनै हानी नोक्सानी भएमा पालिका वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी गरौं ।

८) अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा नजिकको गाउँ/नगरपालिका वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागमा उजुरी गरौं ।

९) व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

१०) उपभोक्ता हित विपरित हुने कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं ।

राजपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ, लुम्बिनी प्रदेश, नेपाल